प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

**सम्पदाको संरक्षण गरौं ।**

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरु मुलुकको पहिचान हुन्, तिनीहरु प्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।
- हाम्रो सम्पदा, हाम्रो पहिचान सबै मिली गरौं संरक्षण

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : २४१ ॥ २०८२ कातिक १२ गते बुधबार (29th Oct 2025 Wednesday) **Pratidin** National Daily मूल्य–रु.५/-

# हराएका मानिस खोजेको खोज्यै झापा प्रहरी

झापा(प्रस) । दिन प्रतिदिन बेपत्ता हुनेहरुको संख्या बढ्दै गएपछि झापा प्रहरी हराएका मानिस खोज्न तल्लीन भएको छ । सोमवार एकैदिन पाँचजना हराएको निवेदन प्रहरीमा परेको छ । कात्तिक ६ गते अन्दाजी बिहान १०बजे हल्दिबारी वडा नं. २ रमेश पराजुलीको क्वाटरमा बस्दै आएका सुनिल हेमरमकी श्रीमती ३३ वर्षीया गंगा मुर्मु भाइटीका लगाउन माइत जान्छु भनी हिडेकोमा बेपत्ता भएकी छन् । उनी हालसम्म पनि नआएको र आफन्तहरूकोमा सोधपुछ र खोजतलास गर्दा फेला नपरेपछि उनका श्रीमान सुनिल हेमरमले प्रहरी चौकी हल्दिबारीमा हुलियासहित निबेदन दिएका छन् ।

त्यस्तै कात्तिक ७ गते दिउँसो १ बजे घरमा कोही कसैलाई नसोधी शिवसताक्षी - ३ भोरलिचन टोल बस्ने कविध्वज केदम लिम्बूकी श्रीमती ३३वर्षीया सम्झना राई लिम्बू साथमा ४ वर्षकी छोरी बिभिना लिम्बूलाई लिएर वेपत्ता बनेकी छन् । हालसम्म सम्पर्कबिहिन भएको , आफन्त र छरछिमेक समेतमा खोजतलास गर्दा फेला नपरेपछि उनका श्रीमानले सोमवार इलाका प्रहरी कार्यालय झिलझिलेमा लिखित निवेदन दिएका छन् ।

त्यस्तै सोमवार दिउँसो ३:५५ बजे शिवसताक्षी-१० माईधार बस्ने ३३ वर्षीय सरोज शर्मा (विवाहित) घरमा कोही कसैलाई नसोधी घरबाट बागमति प्र ०१-०३० च ७१०४ कार लिएर गई सम्पर्कबिहीन भएका छन् । आफन्त, छरछिमेक समेतमा खोजतलास गर्दा समेत हालसम्म उनी फेला परेका छैनन् । खोजतलास तथा हुलिया परिपत्र गरि पाउँ भनी उनका बुवा सकलदेव शर्माले इप्रका झिलझिलेमा निवेदन दिएका छन् ।

त्यस्तै सोमवार दिउँसो ४ बजे कचनकवल वडा नं ६ बनियानी बस्ने टेवक हजामकी छोरी वर्ष२० की खन्जान हजाम छठ पूजा हेर्न भनी मेची नदीतर्फ गएकीमा हालसम्म घर फर्केर आएकी छैनन् ।




मौखिक जानकारी गराउनसाथ इलाका प्रहरी कार्यालय बनियानीले उनको खोजी शुरु गरेको छ ।

सोमवार पाँचजना हराएको निवेदन परेकोमा त्यसको अघिल्लो दिन आइतवार चारजना हराएको निवेदन परेको प्रहरीले जनाएको छ । आइतवार साँझ . ५:३०बजे कमल वडा नम्बर-५बस्ने निमा तामाङका छोरा बर्ष १५का रविन तामाङ र उनकी बहिनी बर्ष ९ की रिङचिङ तामाङ कोही कसैलाई नसोधी आफूखुशी घर छाडी दमक बजारतर्फ लागेका थिए । घर फर्की नआएपछि उनीहरुका बडीआमा इन्द्रकला तामाङले इलाका प्रहरी कार्यालय दमकमा जानकारी गराएकी थिइन् । खोजी गर्ने क्रममा ती दुई बालबालिका साँझ ७:४५ बजे फेला परेका थिए ।

त्यस्तै कात्तिक ८गते साँझ ५बजे इलाम सूर्योदय वडा न.९घर भई हाल बिर्तामोड वडा न.१ मा डेरा गरी बस्ने वर्ष२६ का उज्वल राई कोही कसैलाई कुनै पनि जानकारी नगराई हराएका छन् ।

त्यस्तै कात्तिक ९ गते विहान ६:३० बजे धनकुटा नगरपालिका ६ घर भई भद्रपुर- ९ पुहाँतुबारी मावली घर आएकी प्रकाश खड्काकी छोरी वर्ष १३ की प्रमिसा खड्का घरमा कोही कसैलाई जानकारी नगराइ बेपत्ता भएकी छन् । उनका आफन्तले निवेदन दिएपछि जिल्ला प्रहरी कार्यालय झापाबाट प्रहरी टोली खटिएर खोजी भइरहेको प्रहरीले जनाएको छ ।

हराएको मानिस खोजी गर्नुपर्ने प्रहरीका लागि ठूलो काम आइपरेको झापा प्रहरी प्रमुख एसपी राजन लिम्बूले बताए । उनले हराउने १२-१५ वर्षका बालिकाहरु बढी रहेको बताउँदै ती उमेर समूहका बालिकाहरुको खोजीमा कुनै कसर बाँकी नराखेको जानकारी दिए । हराएका केही बालिकाहरुलाई भेटाएर अभिभावकको जिम्मा लगाइएको उनले जानकारी दिए । आफ्ना छोराछोरीप्रति अभिभावकहरु चनाखो बन्नु पर्ने आवश्यकता रहेको एसपी लिम्बूको भनाई छ । मोरङमा बेपत्ता भएको करिव दुई सातापछि एक बालिकाको हत्या भएको घटनाले त्रसित र चिन्तित बनाएको छ ।

# विप्लव नेतृत्वको पार्टीले चुनावमा भाग लिँदै



झापा(प्रस) । नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको पार्टीले दल दर्ताका लागि निर्वाचन आयोगमा निवदेन दिएको छ । कम्युनिस्ट पार्टी नेपाल नाम राखेर विप्लव नेतृत्वको पार्टीले दल दर्ताका लागि मंगलबार आयोगमा निवदेन दर्ता गरेको हो ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ताका लागि निवदेन दिइएको प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिए । जनताको आफ्नो अधिकार र मुद्दाको कुरालाई जनताले आफैं फैसला गर्ने लोकतान्त्रिक विधि निर्वाचन भएकाले आगामी निर्वाचनमा सहभागी हुन लागेको उनले बताए ।

उनले जेनजी आन्दोलनपछि बनेको सरकारमाथि ठूलो चुनौति र प्रश्न रहेको भन्दै सरकारले तोकेको निर्वाचनलाई सम्पन्न गर्न जटिलता देखिएको धारणा राखे । यस्तो अवस्थामा राष्ट्रिय राजनीतिमा नयाँ ढंगको समझदारी आवश्यक रहेको उनले बताए । विश्वकर्माले पार्टीले दल दर्ताको प्रक्रिया अघि बढेसँगै निर्वाचनलाई सफल बनाउन आयोगलाई पूर्णरुपमा सहयोग गर्ने प्रतिवद्धता जनाए।

सो क्रममा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट निर्वाचित भएर मुलुकको सुशासन गर्ने पद्धति लोकतन्त्रको सुन्दर पक्ष भएको बताए । कानुनभित्र रहेका जनताको विश्वास जित्न आएका दललाई आयोगले सदैव स्वागत गर्ने उनले बताए । उनले सामान्य भन्दा सामान्य त्रुटिले पनि निर्वाचन विथोलिन सक्ने भएकाले आयोग यसप्रति सहज रहेको धारणा राखे।

विप्लव नेतृत्वको पार्टीले नेपाल कम्युनिष्ट पार्टी(नेकपा) नामबाट राजनीतिक गतिविधि गर्दै आएपनि निर्वाचनका लागि कम्युनिस्ट पार्टी नेपाल प्रस्ताव गरेको हो । प्राप्त निवदेनमाथि अध्ययन गरेर आवश्यक निर्णय हुने आयोगले जनाएको छ ।

# जेन-जी आन्दोलनमा ४ हजार गोली र ८ हजार अश्रुग्यास प्रहार

झापा(प्रस) । भदौ २३ र २४ मा प्रहरीतर्फ भएको क्षतिबारे छानबिन गर्न बनेको प्रहरी नायब महानिरीक्षक (डीआईजी) दीपक रेग्मी नेतृत्वको समितिले प्रतिवेदन बुझाएको छ ।

प्रहरी महानिरीक्षक (आईजीपी) चन्द्रकुवेर खापुङलाई बुझाएको प्रतिवेदनअनुसार, जेन-जी आन्दोलनको दुई दिनमा देशभर ४ हजार २४ 'लाइभ एम्युनेसन' (धातुका गोली) प्रहार भएको भेटिएको छ ।

प्रहरीको प्रारम्भिक प्रतिवेदनमा २ हजार ६ सय ४२ धातुका गोली प्रहार भएको उल्लेख थियो । तर, अन्तिम प्रतिवेदन तयार हुँदा देशभर झण्डै दोब्बर संख्यामा धातुको गोली प्रहार भएको पाइएको हो । 'त्यसबेला प्रारम्भिक विवरण मात्र संकलन भएको थियो, भण्डारमा भएको गोलीगठ्ठासँग भिडाएर पूर्ण विवरण लिनै बाँकी थियो,' समिति स्रोतले भन्यो, 'सबै विवरण संकलन भएपछि उल्लेख गरेर प्रतिवेदन बुझाएका छौं ।'

प्रहरी उच्च स्रोतका अनुसार, प्रहरी प्रधान कार्यालयबाट खटिएको टोलीले मात्र ५५३, काठमाडौं उपत्यकामा १ हजार ९९३, कोशी प्रदेशमा २९९, मधेश प्रदेशमा ६३९, बागमतीमा १६, गण्डकीमा ४४, लुम्बिनीमा १७०, कर्णालीमा २ र सुदूरपश्चिममा ३०७ धातुका गोली प्रहार भएको पाइएको छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार, २ दिनमा ८ हजार ६५४ अश्रुग्यास प्रहार भएको पाइएको छ । त्यसमध्ये प्रहरी प्रधान कार्यालयले मात्र १ हजार ३५७, काठमाडौं उपत्यका प्रहरी र अन्तर्गत ४ हजार ४९, कोशी प्रदेशमा ८४५, मधेशमा ३७४, बागमतीमा ७८, गण्डकीमा ३६६, लुम्बिनीमा ४४९, कर्णालीमा ४५५, सुदूरपश्चिममा ३८७ अश्रुग्यास प्रहार भएको पाइएको छ । प्रतिवेदनअनुसार, प्रहरी प्रधान कार्यालयले ५१६, काठमाडौं उपत्यकाले १ हजार ६८३, कोशीले १५१, मधेशले ६९, बागमतीले ११, गण्डकीले १७१, लुम्बिनीले २८, कर्णालीले १३६ र सुदूरपश्चिममा ११ वटा रबरको गोली प्रहार भएको थियो । प्रहरी प्रधान कार्यालय, उपत्यका र सातवटै प्रदेश गरेर २ हजार ९२० ब्ल्यांक फायरिङसमेत भएको थियो । यसरी दुई दिनमा १८ हजार ३७३ पटक फायरिङ भएको पाइएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता विनोद घिमिरेले रेग्मी नेतृत्वको समितिले प्रतिवेदन बुझाएको पुष्टि गरे पनि त्यसको विस्तृत विवरण आफूलाई थाहा नभएको जनाए । 'यो आन्तरिक प्रयोजनका लागि बनेको छानबिन समिति हो, प्रहरी कार्यालयमा भएका क्षतिलगायतका विवरण संकलन गरिएको हो,' उनले भने, 'अरु कतिपय विषयहरु चाहिँ आन्तरिक प्रयोजनका लागि मात्र हुन् ।' प्रहरी अधिकारीहरुका अनुसार, प्रतिवेदनमा जेन-जी आन्दोलनमा काठमाडौंमा मात्रै प्रहरीको १ अर्ब १९ करोड रुपैयाँ बराबरको भौतिक संरचनामा क्षति पुगेको उल्लेख छ । ललितपुरमा १९ करोड र भक्तपुरमा ८ करोड रुपैयाँबराबरको क्षति पुगेको भनिएको छ ।

धातुका गोलीमध्ये अधिकांश घातक हतियार इन्सास, एसएलआर र पेस्तोलबाट चलेका थिए । त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा गरिएको मृतकको पोस्टमार्टम प्रतिवेदनमा समेत मृत्युको कारण 'हाई भेलोसिटी आर्म्स' (तीव्र गतिको हतियार) बाट प्रहार भएको गोली रहेको उल्लेख छ । २३ र २४ भदौमा गरेर गोली लागेर ३९ जना मारिएका थिए, तीमध्ये अधिकांशको कम्मरमाथि गोली लागेको थियो । काठमाडौं उपत्यकामा मात्र गोली लागेर ३५ जना मारिएकोमा १९ जनाको छाती, १० जनाको टाउको, ४ जनाको पेट र २ जनाको घाटीमा गोली लागेको फरेन्सिक रिपोर्ट छ । अस्पतालका फरेन्सिक विभाग प्रमुख डा. गोपाल चौधरीका अनुसार, लगभग सबै जसो मृतकलाई टाढाबाट आएको 'हाई भेलोसिटी विपन' (तीव्र गतिको हतियार) को गोली लागेको पाइएको छ ।

प्रहरीबाट अत्यधिक संख्यामा गोली चलेकोबारे राष्ट्रिय मानवअधिकार आयोगले समेत छानबिन गरिरहेको छ । आयोगकी सदस्य लिली थापा नेतृत्वमा बनेको अनुसन्धान समितिले गोली प्रहारका विषयलाई गम्भीरतापूर्वक जाँच गरिरहेको प्रवक्ता डा. टिकाराम पोखरेलले बताए । 'मानवअधिकारका दृष्टिले पहिलो दिनको गोली प्रहारका घटना अझ गम्भीर भएकाले त्यससँग सम्बन्धित विषयलाई प्राथमिकता दिएर छानबिन गरिरहेका छौं,' उनले भने, 'सकेसम्म चाँडै प्रतिवेदन ल्याउने गरी काम भइरहेको छ ।'

# कन्काईमा डुबेर मृत्यु भएका मृतक शिवसताक्षीका लिवाङ

झापा(प्रस) । कन्काई माई खोलामा डुबेर मृत्यु हुने मृतकको पहिचान खुलेको छ ।
उनी शिवसताक्षी नगरपालिका वडा न.१० फागुनन्द चोक बस्ने ५१ वर्षीय प्रेम लिवाङ भएको प्रहरीले जनाएको छ ।

मानसिक सन्तुलन ठीक नभएका लिवाङ सोमवार बिहान १० बजे घरबाट आफूखुशी हिडेको





मृतककी छोरी बिनिता लिवाङले बताएकी छन् ।शवलाई कानुनी प्रकृया पुरा गरी साँझ ६:३५ बजे पोष्टमार्टमको लागि दमक अस्पताल पठाइएको छ ।
सोमवार दिउँसो शिबसताक्षी-९ बैसावारीस्थित माईखोलामा डुबेको अवस्थामा लिवाङ मृत फेला परेका थिए ।

# उदाउँदो सूर्यलाई अर्घ दिएपछि सकियो छठ

झापा(प्रस) । सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने छठपर्व मंगलवार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि सम्पन्न भएको छ ।

उदाउँदो सूर्यलाई नदी किनारमा बसी पूजा आराधनासहित गाईको दूध, फूल र जलले अर्घ्य दिएपछि छठ सम्पन्न हुने धार्मिक विधि छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ । बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ दिई सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्तहरू भिजेको लुगासहित कम्मरसम्मको पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि छ ।

पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतको रूपमा मानी विशेष पूजा गर्ने गरिएको धार्मिक विश्वास छ । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकांक्षा पूरा भई इच्छाएको फल प्राप्त हुने धार्मिक विश्वासको चर्चा शास्त्रमा गरिएको धर्मशास्त्रविद् प्रा. तोयराज नेपाल बताउँछन् । सूर्यषष्ठीसमेत भनिने कार्तिक शुक्ल षष्ठीमा सूर्यको पूजा आराधना गर्ने निर्देश शास्त्रमा गरिएको उनले जानकारी दिए ।

यस अवसरमा सूर्य पूजा र दर्शन गरी विवाहिता महिला, पुरुषले पति, पत्नीको दीर्घायु एवं अविवाहिताले सुयोग्य वर, वधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको संख्या पनि धेरै छ । यो व्रतले मनले चिताएको पूरा हुने धेरै भक्तजनको विश्वास छ । कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व शनिबारदेखि सुरु भएको हो । चतुर्थीमा स्नान गरी चोखो खाएर बसिन्छ । यस दिनबाट छठ नसकिएसम्म ब्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । कार्तिक शुक्ल सप्तमीका दिन अर्थात् आज बिहान उदाउँदो सूर्यलाई पूजासहित अर्घ दिएपछि यो पर्व सम्पन्न भएको हो ।

मनोकांक्षा पूरा हुने विश्वासमा विशेषगरी



महिलाले छठमा कठोर व्रत गर्ने गर्छन् । विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ काठमाडौँलगायत पहाडी क्षेत्रमा समेत मनाउन थालिएको छ ।

यता। कोशी प्रदेशको सर्वाधिक जनसहभागिता रहने छठ पूजास्थलको पहिचान बनाएको भद्रपुर स्थित मेची नदीमा नेपाल तथा भारतका हजारौं भक्तालुहरुले भव्य रूपमा छठ पूजा गरेका छन् । तराईबासीको महत्वपूर्ण पर्व मानिए पनि भद्रपुरको मेची किनारमा हिमाली, पहाडी मारवाडी, बंगाली लगायत अधिकांश जातजातिको साझा प्रतिनिधित्व हुने गरी समावेशी रूपमा छठ पूजामा अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिएर भव्यरूपमा पूजा गरिएको हो ।

नेपाल-भारतको सिमावर्ती क्षेत्रमा पर्ने झापाको सदरमुकाम भद्रपुरस्थित मेची नदीमा मनाउँदै आएको छठ पर्वमा एक हजार बढी पूजास्थल निर्माण गरी ३ किलोमिटर क्षेत्रमा नदीको वारिपारि दुवैपट्टिबाट हिमाल, पहाड र तराईका बासिन्दाले सहभागी भएर साझा पर्व मनाएका छन् । पूजास्थलको सुरक्षाका लागि नेपाल र भारतका सुरक्षाकर्मीले संयुक्त गस्ती गरेका थिए भने विभिन्न सामाजिक संघ संस्थाले मेलामा सहभागी भक्तजनका लागि पानी तथा चियाको निःशुल्क व्यवस्था गरेका थिए ।

पछिल्ला वर्षहरुमा भद्रपुर तथा भारतको गलगलियाका स्थानीयले यस पर्वलाई समावेशी साझा पर्वको रूपमा लिने गरेको पाइएको छ ।

चार दिनसम्म मनाइने छठ पर्वमा तेस्रो दिन बेलुका अस्ताउँदो सूर्यलाई अर्घ दिने र चौथो दिन विहान उदाउदो सूर्यलाई अर्घ चढाएपछि सम्पन्न हुने गर्छ । यो पर्वमा जनसहभागिताको हिसाबले नेपालको जनकपुरपछिको दोस्रो स्थान भद्रपुरले लिने गरेको मैथिल समाजका अग्रज विकासकुमार गुप्ताले जानकारी दिए । यसैबीच छठ पर्वको अवसर पारेर मेची घाटमा रहेको छठी माता मन्दिर परिसरमा गंगा आरतीको आयोजना गरिएको छ । भद्रपुर नगरपालिकाले आयोजना गरेको गंगा आरतीको नगर प्रमुख गणेश पोखरेलले शुभारम्भ गरेका थिए ।

(फोटो फिचर पृष्ठ चारमा)

# छठको महिमाले छाएको उल्लास













## ३५ अर्ब १३ करोड रुपैयाँ विदेशी लगानी प्रतिबद्धता

झापा(प्रस)। चालु आर्थिक वर्षको पहिलो तीन महिनामा ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार रुपैयाँ बराबरको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) प्रतिबद्धता आएको छ। उद्योग विभागका अनुसार यो अवधिमा ३११ उद्योगमा विदेशी लगानीको प्रतिबद्धता दर्ता भएको हो। असोज महिनामा मात्र ७५ उद्योगमा २ अर्ब ४ करोड ५७ लाख रुपैयाँ बराबरको प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता आएको विभागले जनाएको छ। विभागका अनुसार अटोमेटिक रुटमार्फत पहिलो त्रैमासमा १९७ उद्योगमा ३३ अर्ब २७ करोड ४८ लाख रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ। अप्रुभल रुटमार्फत भने ११४ उद्योगमा एक अर्ब ८६ करोड २९ लाख रुपैयाँ बराबरको प्रत्यक्ष विदेशी लगानी प्रतिबद्धता दर्ता भएको हो। विभागका अनुसार सबैभन्दा बढी पर्यटन क्षेत्रमा लगानी प्रतिबद्धता आएको छ। क्षेत्रगत हिसाबले पर्यटन क्षेत्रमा ७१ प्रतिशत, उत्पादन क्षेत्रमा १० प्रतिशत, सेवा क्षेत्रमा नौ प्रतिशत, सूचना प्रविधि क्षेत्रमा आठ प्रतिशत र कृषि क्षेत्रमा दुई प्रतिशत विदेशी लगानी प्रतिबद्धता दर्ता भएको विभागले जनाएको छ। तर, खनिज, पूर्वाधार र ऊर्जा क्षेत्रमा विदेशी लगानी प्रतिबद्धता शून्यप्रायः रहेको विभागको विवरणमा उल्लेख छ।



विभागका अनुसार ३८ करोड २२ लाख ५४ हजार रुपैयाँ बराबरको रोयल्टी फिर्ता लैजान स्वीकृति दिइएको छ।

त्यस्तै, ८ हजार ५ सय २१ अमेरिकी डलर, ५९ लाख १४ हजार ३४४ भारतीय रुपैयाँ र १० हजार २ सय युरो बराबरको रोयल्टी फिर्ता लैजान स्वीकृति दिइएको विभागले जनाएको छ।

**तीन...**

अनुसार सो अवधिमा तीनहजार ८५ वटा नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी जारी भएको छ। साउनदेखि असोज महिनाको अन्त्यसम्ममा १८ हजार पाँचसय ७८ वटा राष्ट्रिय परिचयपत्र वितरण हुँदा एकलाख ६१ हजार पाँचसय ५३ वटा राष्ट्रिय परिचयपत्र संकलन भएको कार्यालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।



यो अवधिमा चार हजार नौसयवटा राहदानी वितरण गर्दा सो वापत दुई करोड २३ लाख ८१ हजार रुपैयाँ राजस्व संकलन भएको छ। कार्यालयका अनुसार नाबालक परिचयपत्र एकसय ५० वटा, दलित/जनजाति/पारिवारिक विवरण तथा अन्य प्रमाणित चारसय, संस्था दर्ता तथा नवीकरण एकसय ६० वटा, हातहतियार नवीकरण २६ वटा, नागरिकता उजुरी फछ्र्यौट पाँचवटा, बैदेशिक रोजगारी ठगी सम्बन्धी मुद्धा फछ्र्यौट २३ वटा, अभद्र व्यवहार सम्बन्धी मुद्धा फछ्र्यौट ४० वटा , जुवा मुद्धा फछ्र्यौट एक र सवारी ज्यान क्षतिपूर्ति सम्बन्धी मुद्धा फछ्र्यौट सातवटा रहेको छ।

कार्यालयले तीन महिनाको अवधिमा विभिन्न शीर्षकमा दुई करोड रुपैयाँ बढी राजस्व संकलन गरेको छ। राहदानी शुल्क वापत दुई करोड २३ लाख ८१ हजार, अन्य प्रशासनिक सेवा शुल्क दुई लाख ६२ हजार हातहतियार इजाजत पत्र दस्तुर वापत ९७ हजार र परीक्षा दस्तुर वापत पाँच हजारगरी कुल दुई करोड २७ लाख ४५ हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# फेरि पनि सतर्क रहौ

गत असोज महिनाको बाढीपहिरोको असरबाट पार नलाग्दै नेपालमा अर्को प्राकृतिक प्रकोपको जोखिम देखिएको छ । बंगालको खाडीमा बनेको चक्रवात आँधी 'मोन्था' को प्रभाव नेपालमा पनि देखिन सक्ने मौसमविद्हरूले बताएका छन् । बीबीसी हिन्दीका अनुसार पछिल्लो ६ घण्टामा 'मोन्था' चक्रवाती आँधीमा बदलिएको छ । भारतीय मौसम विभागले मोन्थाले भीषण रूप लिन सक्ने भन्दै रेड अलर्ट जारी गरेको छ ।

भुवनेश्वर मौसम विज्ञान विभागका अनुसार यतिबेला मोन्था पश्चिम–मध्य बंगालको खाडीभन्दा केही माथि सक्रिय रहेको छ । विभागकी निर्देशक मनोरमा मोहन्तीले भनेकी छिन्, 'यो आँधी उत्तर पश्चिमतर्फ अगाडि बढ्नेछ । आन्द्र प्रदेशको तटीय क्षेत्र मछलीपट्टनम र कंलिगपट्टनमको बीचतिर मंगलवार साँझ वा राति ९० देखि १०० किमि प्रतिघण्टाको गतिले ठोक्किने सम्भावना रहेको छ ।'

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता मौसमविद् विभुति पोखरेलका अनुसार बंगालको खाडीमा विकसित चक्रवात 'मोन्था' मंगलबार राति भारतको आन्द्र प्रदेशमा प्रवेश गर्ने क्रममा रहेको छ । त्यसपछि उक्त चक्रवात विस्तारै कमजोर हुँदै उत्तर–उत्तर पश्चिम दिशामा सर्ने पोखरेलले जानकारी दिएकी छिन् ।

न्यूनचापीय क्षेत्रका रूपमा नेपालको मध्य भू–भाग नजिक आई पूर्वतर्फ सर्दै बिहीबार दिउँसोदेखि शनिबार बिहानसम्म नेपालको बागमती, मधेश र कोशी प्रदेशको मौसम प्रभावित हुने विभागले जनाएको छ । मौसमविद् सञ्जीव अधिकारीले उक्त प्रणालीको प्रभावले मधेश र कोशी प्रदेशका धेरै स्थानहरूमा तथा बागमती प्रदेशका केही स्थानहरूमा मध्यम वर्षाको सम्भावना रहेको बताए । त्यस्तै मधेश र कोशी प्रदेशका एक–दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ । त्यस्तै विभागले कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू–भागका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू–भागका थोरै स्थानहरूमा मध्यम हिमपातको सम्भावना रहेको जनाएको छ । साथै कोशी र बागमती प्रदेशका उच्च पहाडी तथा हिमाली भू–भागका एक–दुई स्थानमा भारी हिमपातको सम्भावना समेत रहेको छ ।

विभागले बागमती, कमला, कोशी र कन्काई नदी र यी नदीका सहायक नदीहरुमा बहाव बढ्न सक्ने बताएको छ । साथै कोशी, बागमती र मधेश प्रदेशका महाभारत, चुरे भई बहने स–साना नदीनालाहरूमा आकस्मिक बहाव हुन सक्ने सम्भावना रहेको पनि मौसमविद्हरूले जनाएका छन् ।

बागमती प्रदेशका काठमाडौं उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर, चितवन र सिन्धुली, मधेश प्रदेशका बारा, पर्सा, सर्लाही, रौतहट, महोत्तरी, धनुषा, सप्तरी र कोशी प्रदेशका संखुवासभा, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, धनकुटा, इलाम, झापा, मोरङ, सुनसरी जिल्ला भई बहने स–साना नदीहरूमा आकस्मिक बहावको सम्भावना उच्च रहने देखिएको प्रवक्ता पोखरेलले जारी गरेको सूचनामा उल्लेख छ । वर्षा र हिमपातले नदीनालाहरूमा आकस्मिक बहाव र पहिरोको जोखिम रहेकाले आवश्यक सतर्क रहौं ।




# मुख्य कार्यभार निर्वाचन



• कृष्णरमण अधिकारी

निर्वाचन सार्वभौम जनताले आफ्नो शासन आफैं गर्ने र आफूमाथि शासन गर्ने प्रतिनिधि आफैंले रोज्ने प्रक्रिया हो । लोकतान्त्रिक व्यवस्थामा निर्वाचन अनिवार्य सर्त हुन्छ । यसको माध्यमले जनताको जनादेशमार्फत राजनीतिले वैधता प्राप्त गर्छ । लोकतान्त्रिक पद्धतिमा निर्वाचन र प्रजातन्त्र परिपूरक रहेका हुन्छन् । विश्वसनीय निर्वाचन लोकतन्त्र र मानव अधिकारको आधारभूत आवश्यकता हो ।

निर्वाचन लगभग छ सय शताब्दीदेखि खास गरेर प्रजातन्त्रको पदावली एथेन्समा प्रयोग भएसँगै लोकतन्त्रमा निर्वाचन अपरिहार्य हुँदै आएको छ । पहिलो अभिलेखमा बढी मत निर्वाचन पद्धतिको प्रयोग भएको पाइन्छ । त्यसपछिको विकसित समय र लोकतन्त्रसँगै निर्वाचनका विभिन्न पद्धति जस्तै बहुमतको प्राथमिकता, बढी मत निर्वाचन पद्धति, जनसंख्याका आधारमा प्रतिनिधित्व गराउने निर्वाचन पद्धति, दलीय समानुपातिक सूची पद्धतिको प्रतिनिधित्व, एकल सङ्क्रमणीय मत पद्धति, एक क्षेत्र एक सिट, नानसन निर्वाचन पद्धतिको सिद्धान्त, तहगत मतदान प्रणालीलगायत समानुपातिक र गैरसमानुपातिक सिद्धान्तको प्रयोग एवं मिश्रित सिद्धान्तको प्रयोग हुँदै आएको छ ।

संयुक्त राष्ट्रसंघको बडापत्र १९४५ ले मानवजाति उत्पत्तिका आधारमा जन्मदेखिनै स्वतन्त्र र समान भएको तथा उनीहरूले दिएको छ । यस्तो आत्मनिर्णयको अधिकार भनेको स्वेच्छाले आफ्नो राजनीतिक तथा आर्थिक व्यवस्था छनोट गर्न पाउनु हो । जुन कुरा निर्वाचनका माध्यमबाट अभिव्यक्त हुने गर्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को प्रस्तावनालगायत यसको धारा २१ अनुसार हरेकलाई आफ्नो देशको सरकारमा आफैं वा आफूले छानेका प्रनिनिधिमार्फत भाग लिने अधिकारको व्यवस्था गरेको छ । नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा २५ मा जनताको इच्छा स्वतन्त्र रूपमा अभिव्यक्त हुने वातावरण नमिलाई कसैलाई पनि सत्ता वा सरकारमा बस्ने र शासन गर्ने अधिकार छैन भनी अन्तर्राष्ट्रिय मान्यता प्रदान गरेको छ । नेपाल राज्यपक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६७ को धारा १ ले पनि जनताको आत्मनिर्णयको अधिकारको व्यवस्था र व्याख्या गरेका छन् ।

नेपालको पछिल्लो संविधान २०७२ को प्रस्तावनाले अन्य कुराका अतिरिक्त जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने अठोट गरेको छ । यसको प्रस्थानविन्दु भनेको पनि निर्वाचन नै हो ।

यी व्यवस्थाले निर्वाचनलाई व्यक्तिको नैसर्गिक अधिकारका रूपमा व्याख्या गरेका छन् । निर्वाचनलाई निर्वाचनका रूपमा मात्र नहेरी प्रणालीका रूपमा हेर्ने गरिन्छ । यस प्रणालीलाई मार्गनिर्देश गर्ने विभिन्न निर्वाचनका सिद्धान्तसमेत विकसित भएका छन् । जस्तै समानता, उत्तरदायित्व र जवाफदेहिता, नेतृत्व, खुलापन र दिगोपना, अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको सिद्धान्त । यसलाई अझ सार्थक बनाउन निर्वाचन प्रणालीले भौगोलिक प्रतिनिधित्व, जनसंख्याको प्रतिनिधित्व, लैङ्गिक प्रतिनिधित्वको समानुपातिक प्रतिनिधित्व आदिको अभ्यास गर्ने गरिन्छ ।

समग्रमा यसले जनतामा निहित सार्वभौम सत्ता र राजकीय सत्ता आफ्ना प्रतिनिधिलाई हस्तान्तरण गर्ने एक निर्णय प्रक्रिया हो । सामान्य रूपमा निर्वाचन प्रणालीमार्फत आमनिर्वाचनमा जनताको मतदान प्रक्रियामार्फत प्रतिनिधि र दलहरूलाई निर्वाचन गरी संसद् वा संसद्का अन्य सदनमा पठाइने माध्यम नै निर्वाचन प्रणाली हो । निर्वाचन प्रणालीको मह[illegible]वको सन्दर्भमा फिलिपिन्सका पूर्वराष्ट्रपति फिडेल रामोसले भनेका थिए, "सरकार आउन जान सक्छन् तर जनता त्यहीँ रहन्छन्, जनताको सर्वोच्चता त्यहाँ हुने छ जहाँ स्वतन्त्र र प्रभावकारी निर्वाचन प्रणाली अपनाइन्छ ।"

पछिल्ला अध्ययनले निर्वाचनको स्वतन्त्रता र निष्पक्षता विश्वमै खस्कँदै गएको औंल्याएका छन् । निर्वाचनमा हुने गलत अभ्यासले प्रतिनिधि छनोटमा मात्र नकारात्मक प्रभाव पार्ने हैन यसले समग्र राजनीतिक, सामाजिक र आर्थिक परिणाममा समेत असर पार्छ । अझ अर्को अर्थमा भन्ने हो भने देशमा अस्थिरता, अशान्ति र विद्रोहको भावभूमिसमेत निर्माण गर्न सक्छ । निर्वाचन प्रणाली नै स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनु अनिवार्य पूर्वसर्त हो ।

सामान्तया स्वतन्त्रता भन्नाले निर्वाचन सम्पन्न हुने विधि, नियम वा प्रक्रिया (रुल अफ दी इलेक्सन) जसलाई रुल अफ गेम पनि भनिन्छ । निष्पक्षताले निर्वाचन वा मतदान हुने दिनको क्रियाकलापलाई जनाउँछ । निर्वाचन कानुनदेखि यी कानुनको वास्तविक कार्यान्वयन, निर्वाचन प्रचारप्रसार अभियान र मतदानको दिनको भयरहित वातावरणका रूपमा लिन सकिन्छ । नेपालको सन्दर्भमा निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सञ्चालन गर्न संवैधानिक निर्वाचन आयोगको व्यवस्था गरिएको छ । यद्यपि बेलाबखत आयोगमाथि पनि शङ्काको नजरले हेर्ने गरिएको छ । आयोग स्वयम्ले आफ्ना कामकारबाही पारदर्शी बनाउँदै सबै सरोकारवाला पक्षलाई विश्वासमा लिन जरुरी छ ।

अन्तरसंसद् परिषद् (आइपिसी) ले उठान गरेको १० वटा विषय तथा क्षेत्रका आधारमा हेर्नु जरुरी हुन्छ । यसमा संवैधानिक तथा कानुनी प्रबन्ध, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन व्यवस्थापन निकाय, चुनावी तथा मतदानको अधिकार, मतदाता दर्ता तथा नामावली विवरण, मतपत्रको पहुँच, चुनावी अभियान, मिडिया पहुँच, मतदान प्रक्रिया, निर्वाचनमा संलग्न कर्मचारीको भूमिका र मतगणनालाई निर्वाचन सञ्चालनको अवयवका रूपमा उल्लेख गरेको देखिन्छ । यसको अतिरिक्त आचारसंहिताको निर्माण र परिपालना, दाबी विरोधको न्यायोचित सम्बोधन र प्रभावकारी पर्यवेक्षण जस्ता विषयसमेत पर्छन् ।

नेपालको सन्दर्भमा सामान्यतः निर्वाचन प्रणालीलाई भन्दा पनि मतदान प्रक्रियाको स्वतन्त्रता र निष्पक्षतामा बढी ध्यान केन्द्रित भएको देखिन्छ । निर्वाचनको समग्र प्रणालीमा स्वतन्त्र र निष्पक्षता भएको खण्डमा मात्र स्वतः मतदान प्रक्रियासमेत स्वच्छ, स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित रूपमा सञ्चालन हुन सक्छ । निर्वाचन प्रणालीले संवैधानिक तथा कानुनी व्यवस्था, निर्वाचन सञ्चालन गर्ने र निर्वाचनमा सहभागिता गर्ने संरचनात्मक व्यवस्था र पद्धतिलाई समेटेको हुन्छ । मतदान प्रक्रिया अन्तर्गत मतदाता नामावलीमा मतदाताले नाम दर्ता गर्ने, उम्मेदवारले उम्मेदवारको सूचीमा नाम दर्ता गर्ने, राजनीतिक दलले कानुनबमोजिम दल दर्ता गर्ने, मतदाता नामावली प्रकाशन गर्ने र मतदान केन्द्र तोक्ने गर्छ । मतपत्र र मतपेटिका सुरक्षित राख्ने, निर्वाचन अधिकृत, मतदान अधिकृत तोक्ने, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने, मतदाता नामावली प्रकाशन गर्ने, सच्चाउने, हटाउने, दाबीविरोध गर्ने आदि पनि मतदान प्रक्रिया अन्तर्गत पर्छ । मतदाता नामावलीमा नाम दर्ता गर्नेदेखि निर्वाचनको परिणामसम्म मतदान प्रक्रिया अन्तर्गतकै गतिविधि हुन् ।

करिब ४० लाख नेपाली नागरिक विदेशको भूमिमा आफ्नो श्रम र सिप प्रयोग गरी कुल गार्हस्थ उत्पादनको २६ प्रतिशत विप्रेषणका रूपमा योगदान गर्छन् । उनीहरू संरचनात्मक, कानुनी, प्राविधिक, वित्तीय एवं सुरक्षा चुनौती आदिका आधारमा मतदान अधिकारबाट वञ्चित हुँदै आएका छन् । सर्वोच्च अदालतले समेत देशबाहिर रहेका नागरिकलाई समेत मतदान गर्न सक्ने वातावरण तयार गर्न सरकारको नाममा निर्देशनात्मक आदेश दिएको थियो । तसर्थ उनीहरूलाई यस निर्वाचनमा मतदान सुनिश्चित गर्न आवश्यक विधि पहिल्याउनु जरुरी हुन्छ । उनीहरूलाई मतदान प्रक्रियामा सामेल गराउने कुराले सरकारप्रति विश्वसनीयता बढाउने मात्र हैन उनीहरूको माग र मुद्दा सम्बोधन गर्ने वातावरणसमेत तयार हुने छ । हालै नेपाल पोलिसी इन्सिच्युट (एनपिआई) ले नेपालको आप्रवासनको प्रवृत्ति र सामाजिक आर्थिक वस्तुस्थितिका आधारमा फिलिपिन्स र मेक्सिकोले अवलम्बन गरेको बाह्य मतदान (एक्सर्टनल भोटिङ) विधि नेपालका लागि पनि उपयुक्त हुन सक्ने भनी निर्वाचन आयोगलाई सिफारिस गरेको छ । नेपालका लागि यो हाइब्रिड विधि बाह्य मतदानका सवालमा प्रस्थानविन्दु हुने अपेक्षा गर्न सकिन्छ ।

निर्वाचन प्रणालीले लोकतन्त्रको संरक्षण, संवर्धन र संस्थागत विकास गर्न राजनीतिक संस्थाबिच विश्वसनीयता बढाउन, जनतालाई शासन सञ्चालनको विविध विकल्प प्रदान गर्न, अल्पसंख्यकलगायतका विविध समुदाय तथा जनजातिको समानुपातिक प्रतिनिधित्व गराउन, देशको शासनप्रणालीलाई स्थिर र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । लोकतान्त्रिक शासनव्यवस्थाको मापन गर्ने आधारमध्ये निर्वाचनलाई प्रमुख र महत्वपूर्ण आधार मानिन्छ । कोरा निर्वाचनले मात्र लोकतन्त्रको स्तर मापन गर्न सकिँदैन किनकि हिटलर जस्ता क्रूर तानाशाह पनि निर्वाचनबाटै चुनिएर आएका थिए ।

निर्वाचन प्रणालीले प्रजातान्त्रिक अभ्यास कमजोर पारेको र देशमा व्यापक भ्रष्टाचार गर्न मद्दत गरेको आरोप पनि लाग्दै आएको छ । व्यवस्थाप्रति धेरैको विमति छैन । जेनजीको माग र म्यान्डेट पनि यसैमा आधारित भएकाले निर्वाचन प्रणालीलाई स्वच्छ, स्वतन्त्र र विश्वासिलो वातावरणमा सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरी लोकतन्त्रलाई थप सुदृढ र संस्थागत गर्नुपर्ने सरकारको दायित्व छ । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले यो जिम्मेवारी पूरा गर्ने आमअपेक्षा छ ।

# अनलाइनमा वित्तीय सेवा



• दुर्गाकुमारी कँडेल (छत्कुली)

वित्तीय सेवा लाइनबाट अनलाइन हुँदा हुने सहजता समयको विकाससँगसँगै हिजोका विधि, प्रक्रिया, मूल्यमान्यता समय सुहाउँदा मानिँदैनन् । कुनै समयमा मान्य विषय समय क्रममा आइपुग्दा त्यति सहज नहुन सक्छन् । यस्तो क्रम वित्तीय प्रणालीमा आएको परिवर्तनले राम्रै कोल्टो फेरेको आभास गर्न सकिन्छ । वित्तीय सेवा दिनका लागि वित्तीय संस्थाले आफ्नो कारोबारको दायरा बढाउन ठूलो धनराशि खर्च गरेर भौतिक रूपमा उपस्थिति जनाउँदै देशका मुख्य सहरदेखि गाउँसम्म शाखा विस्तार, काउन्टर सञ्चालन, ब्रान्चलेस सेवा उपलब्ध गराउँदै आइरहेका थिए । नियामक निकायले बैङ्क तथा वित्तीय संस्थालाई गाउँ गाउँमा शाखा खोल्न विभिन्न किसिमका मापदण्डमा छुट दिएर प्रेरित गरेको अवस्था आजसम्म छ । यसैको परिणामस्वरूप देशका सात प्रदेश ७७ जिल्ला तथा ७५३ स्थानीय तहमा वाणिज्य बैङ्कका शाखा सञ्चालनमा हुन सक्यो । नागरिक वित्तीय पहुँचबाट वञ्चित हुनु हुँदैन भन्ने मूल ध्येयका साथ वित्तीय संस्था र तिनका शाखा विस्तारमा जोड दिइएको अवस्था छ ।

अर्थतन्त्रको आकार अवस्था बजारको आकार, ग्राहकको सचेतना, व्यवसायको माग, नागरिकको आर्थिक अवस्थाले बैङ्क तथा वित्तीय संस्थाको आवश्यकता कति हो भन्ने विषय निर्क्योल गर्छ । मागबमोजिम लाइसेन्स वितरणको कामले आवश्यकताभन्दा धेरै सङ्ख्यामा वित्तीय संस्था खुल्न पुगे । बढ्दो प्रतिस्पर्धा, सीमित बजार, वित्तीय साक्षरताको अल्पज्ञान जस्ता विषयले जुन गतिमा सङ्ख्यात्मकसँगै शाखा विस्तार भए त्यही गतिमा संख्या कम गर्नुपर्ने बाध्यात्मक परिस्थिति बन्यो र बैङ्क तथा वित्तीय संस्था साँघुरिन पुगे ।

मर्जर तथा एक्विजिसनको क्रम तीव्र रूपमा चल्दै थियो । यही बिचमा कोभिड-१९ को महामारी फैलियो । केही समय दैनिक कारोबारसमेत रोकिने अवस्था रहन गयो भने व्यापार व्यवसाय सहज रूपमा चलायमान हुन सकेन परिणामस्वरूप अर्थतन्त्रमा केही शिथिलताको वातावरण रहन गयो । कति व्यवसाय बन्द भए र रोजगारीमा समेत त्यसको प्रभाव पर्न गयो । विश्वभर फैलिएको महामारीले आयातमा निर्भर अर्थतन्त्र रहेको मुलुक भएका कारण वस्तु तथा सेवाको मूल्यवृद्धि भयो । व्यावसायिक निरन्तरताका लागि केही छुट तथा थप कर्जासमेत वितरण गरियो । पहिले गरिएका लगानीसमेत अनुत्पादक क्षेत्रमा गएको भन्ने विषय विभिन्न अनुसन्धान तथा लेखा परीक्षणका प्रतिवेदनमा आइरहेका थिए । थप भएका कर्जा रकम उचित प्रयोजनभन्दा अन्य क्षेत्रमा गयो । यो त भयो बैङ्क तथा वित्तीय संस्थाको लगानीको अवस्था, यो सँगै कर्जा कारोबार गर्न होस् वा अन्य किसिमका कारोबार गर्न होस् धेरै हदसम्म ग्राहकहरू शाखासम्म पुग्नुपर्ने अवस्था कोभिडको समयभन्दा अघि थियो । कोभिड वित्तीय कारोबारका क्षेत्रमा एउटा कोसेढङ्गा साबित बन्न पुग्यो र कारोबारहरू लाइनबाट अनलाइनमा रूपान्तरण भएका छन् । यो परिवेशले एक नयाँ आयामको सुरुवात भयो जहाँ वित्तीय कारोबार गर्न शाखा खोलिरहन पर्छ त भन्ने प्रश्नसमेत उब्जिएको छ । घर, अफिस तथा जहाँसुकै बसेर रकम ट्रान्सफर गर्न सकिने भइसकेपछि बैङ्क तथा वित्तीय संस्थाका सजिसजाउ गरी ठूलो रकम खर्चिएर बनाएका कार्यालयमा निकै कम सेवाग्राही पुग्ने गरेको अवस्था छ । कोभिड-१९ भन्दा अगाडि ७० प्रतिशत कारोबार म्यानुअल र ३० प्रतिशत कारोबार डिजिटल प्रविधिबाट हुने गरेकोमा कोभिडपछि ९० प्रतिशत कारोबार डिजिटल प्रविधिबाट हुने र १० प्रतिशत कारोबार म्यानुअल कारोबारबाट हुने गरेको तथ्याङ्कले देखाउँछ । विगतका दिनमा लाइनमा बसेर लिइरहेको सेवा आज अहिले अनलाइनबाट पूरा भएको अवस्था छ । प्रविधिले मारेको फड्कोलाई सकारात्मक उपलब्धि मान्दै गर्दा अब यसको संस्थागत विकासमा जोड दिनु जरुरी छ । हरेक परिवर्तनले अवसर र चुनौतीसँगै लिएर आएको हुन्छ । डिजिटल विकाससँगै निम्तिएको जोखिमको मात्रा कम गर्न डिजिटल उपकारण, साइबर सुरक्षा, दक्ष जनशक्ति उत्पादनमा लगानी, प्रविधिको द्रुततर विकाससँगै स्तरोन्नति गर्न तत्पर रहनुपर्ने चुनौती जल्दाबल्दा समस्याका रूपमा अगाडि आइरहेका छन् । अबको समयमा साइबर सुरक्षा जल्दोबल्दो समस्याका रूपमा रहने छ । तसर्थ यो पक्षलाई आत्मसात् गर्न बैङ्क तथा वित्तीय संस्था तयार रहनुपर्ने हुन्छ ।

यसका लागि विगतमा खोलिएका शाखा कार्यालय र भर्ना गरिएका कर्मचारी दुवै कटौती गर्ने समय एकातिर आउँदै छ भने अर्कोतिर ठुला ठुला संस्था मर्जर तथा एक्विजिसन हुने समस्याले समेत यो काममा थप जटिलता थपेको छ । यसका अतिरिक्त सहरका एउटै भवनमा रहेका भिन्न वित्तीय संस्थाका शाखाहरू सञ्चालन भएका स्थान लामो समयदेखि भाडामा लाग्न सकिरहेका छैनन् । हिजोका दिनमा मनग्गे भाडादर असुली गरिरहेका घरवाला भाडामा स्थानहरू सस्तोमा नदिने र महँगोमा व्यवसाय गर्नेले नलिने हुँदा महत्वपूर्ण स्थानमा रहेका घरका फ्ल्याट खाली रहन गएका छन् । जसले गर्दा सरकारको राजस्व सङ्कलनमा समेत नकारात्मक असर पर्ने देखिन्छ ।


अर्को पक्ष वित्तीय संस्था सामान्यतया मर्जर तथा एक्विजिसनमा जाने भनेको समस्या तथा अप्ठ्यारो परिस्थिति सिर्जना भएपछि मात्र देखिन्छ । खर्च बढी, सम्पत्तिको गुणस्तरमा ह्रास, निक्षेप अभाव, जोखिम बढीलगायतका विषय जुन मर्जर तथा एक्विजिसन भइसक्दा पनि त्यस्ता जोखिमसँगै जाने हुँदा नाफा अपेक्षा गरेबमोजिम हुन सक्दैन । नाफा कम भएपछि वित्तीय संस्थाले तिर्ने करमा कमी आई करबापतको राजस्वमा पनि कमी आउँछ । कर्मचारी फरक संस्था तथा वातावरणबाट आउने हुनाले एकै स्थानमा काम गर्दा धेरै पक्षहरूले प्रभाव पार्ने हुँदा उत्पादकत्वमा वृद्धि हुन सक्दैन । परिणामतः लागत बढ्न सक्छ भने ओभर स्टाफिङको भारसमेत पर्न सक्छ ।

वित्तीय संस्थामा विपत्ले ठुलो परिवर्तन ल्याएको मान्न सकिन्छ । परिवर्तन सहज विषय होइन तर पनि परिवर्तनसँगै आउने चुनौतीको सामना र असरलाई अनुकूल बनाउँदै जानुको विकल्प नभएको कारण वित्तीय संस्थाले यसतर्फ अगाडि बढिसकेको अवस्थामा यसलाई संस्थागत रूपमा अगाडि बढाउन सक्नु पर्छ । प्रविधिको प्रयोगले हुने सहजता दीर्घकालका लागि फाइदाजनक हुने मानिन्छ । लाइनबाट अनलाइनमा रूपान्तरित हुँदा भएका सबल पक्ष सुविधाजनक तथा सेवा प्रवाहमा छिटोछरितो, कम लागत, सुरक्षित कारोबार, रेकर्ड राख्न सहज, सर्वत्र सेवाको पहुँच, सेवामा विविधता जस्ता पक्ष रहेको पाइन्छ ।

हिजोदेखि सञ्चालनमा रहेका लाइन प्रणालीका सेवाहरूका आआफ्नै सहजता असहजता रहे पनि समयको मागसँगै विकसित भएको अनलाइन प्रणाली तुलनात्मक रूपमा समय, लागत, पहुँच र भौतिक स्थान जस्ता पक्षमा बढी प्रभावकारी मानिन्छ । प्रविधिले मारेको फड्कोलाई वित्तीय क्षेत्रका लागि कोसेढुङ्गा साबित हुन सक्नु पर्छ । यसलाई अझ सहज र प्रभावकारी बनाउँदै जोखिम व्यवस्थापनको माध्यमबाट अगाडि बढ्न थप प्रयास आवश्यक छ ।

जसरी शाखाको पहुँच ग्रामीण तथा दुर्गम स्थानसम्म पुऱ्याइएको थियो, त्यसरी नै अनलाइन प्रणालीमा सबै वर्ग समुदायको पहुँच पुऱ्याउनका लागि डिजिटल साक्षरतामा जोड दिन जरुरी छ । डिजिटल साक्षरताको अभावले जोखिम बढ्ने हुँदा सरोकारवाला निकायले यसतर्फ ध्यान पुऱ्याउँदै डिजिटल प्रविधिको उच्चतम प्रयोगतर्फ लाग्नुको विकल्प देखिँदैन ।

# एमाले र नेकाको औचित्यमा भारी संकट ?



• प्रा.डा.बद्रीविशाल पोखरेल

देशमा राजनीति राजनीतिक पार्टीप्रति चरम वितृष्णा देखिन्छ । यसमा प्रमुख पार्टीका केही प्रमुख नेताका गल्ती , कमजोरी र अपराध जनवितृष्णाका प्रमुख कारण देखिन्छन् । प्रायः जनता नेका र एमालेसहित अन्य प्रमुख पार्टी र नेताको नाम पनि सुन्न चाहँदैनन् । एमाले र नेका पार्टीका अधिकांश इमान्दार, सिद्धान्तनिष्ठ, नैतिकवान् नेता कार्यकर्ता, बुद्धिजीवी र समाजसेवी पार्टी र तिनका नेताप्रति चरम असन्तुष्ट छन् र असन्तुष्टमध्ये केही मुर्झाएर र झोक्क्राएर बसेका छन् तर धेरैले पार्टी छाडेका छन् । अझ एमालेमा अध्यक्ष ओलीले पूर्व राष्ट्रपति तथा एमाले पूर्व उपाध्यक्ष उपर हिंसात्मक बोलीवचन लगाए । त्यति मात्र होइन, अहिले विद्यालाई संगठित सदस्यका लागि पुनः निबेदन पौडेलमार्फत् सन्देश पठाएको पश्चिमका एक नेताले बताए । आफैं ओलीले संगठित सदस्यता एक वर्षअघि दिए, पार्टी परिचयपत्रमा आफैंले सही छाप लगाए । यतिसम्म लाज घीन र सरम छाडेर काम गर्दा बराल,राई,कार्की र खतिवडा लगायत उपल्ला तहका नेता मुखमा भोटेताल्चा लगाएर बसेको देख्दा आफैंलाई भारी सरम भएको छ । त्यसैले यो लेखक आफैं उपल्ला तहका नेताका चरम विकृतिबाट आजित भएर तीन पटक पार्टी परित्याग गर्न खोजेकै हो तर केही बदनाम नेताले यो मान्छे पार्टी मात्रै छाड्ने होइन मरे हुन्थ्यो भनेको थाहा भयो आफू बाहेक अरु कोही पनि फस्ट म्यान भएको दखिनसहने प्रवृत्तिका मान्छे अक्सर यस्ता हुँदा रहेछन् । सकारात्मक ईर्ष्या गर्न नजान्ने प्रायः उपल्ला तहका कुनै पनि पार्टीका नेताले नै राजनीति ,पार्टी र पार्टी सिद्धान्तमा कालो दाग लगाएका छन् । यसले ममा भाग्ने होइन भिड्ने भावना जब्बर बन्यो । एमाले पार्टी र नेतासितको बढी संगत भएकाले यिनकै बारेमा बोल्नु उचित होला र अहिलेको पार्टी नेतृत्वले आम मातहत नेता र कार्यकर्तालाई आफैं चारो खोजेर खान नसक्ने बोइलर कुखुरो बनाएको देखिन्छ । मदनले भनेझैं सिद्धान्तनिष्ठ,इमानी जनप्रिय नेता कार्यकर्ता र संगठन बनाउन नै चाहेन । त्यसैले अहिले एमाले बाँदरको पुच्छर लौरो न हतियार झैं भएको देखिन्छ । पानी र बानी माथिबाट आउँछ र त्यसले तलतल त्यही शिक्षा र सन्देश फिँजाउँछ । मदन भण्डारीलाई खुल्ला सभामा तथानाम भन्नेका बारेमा चुँ गर्दैन होइन बरु उल्टो प्रशंसाको पुल हाल्छ तर उक्त अभिव्यक्तिप्रति आलोचनात्मक कुरा गर्नेलाई खेदोपाइलो गर्छ । तर यो लेखक रोग निको नहुन्जेल दबाइ गरिरहने भएकाले एक्ला चलोझैं अघि बढिरहन्छ । बातले रोगको निदान भएन भने थेत्तराको ओखती पनि यस लेखकले जानेको छ । बहुआयामिक विषय विधा र क्षेत्रलाई समेटेर आम जनसमक्ष बोल्नै नजान्ने नेता बढी त एमालेमै देख्छु । कम्तीमा राजनीति भनेको भकुण्डो वा बल हो । यसको दोष,कमजोरी हुँदैन । फुटबल खेलाडीले गलत र नियम विपरीत खेल्दा राजनीतिप्रति नकारात्मक भाव फैलिएको हो । यति कुरा आम जनसमक्ष बताएको भए यस्तो दुर्दशा देख्नु पर्ने थिएन । सापेक्ष र निरपेक्ष,तुलना समानता र वैषम्यका आधारमा कुनै पनि पार्टी नेताको मूल्याङ्कन गर्ने अवधारणा कतिपय नेता नै अनभिज्ञ देखिन्छन् । पार्टी स्कूल छ जबज पढाउँछ र घोकाउँछ तर उसले नै जबजको सार बुझेको छैन । मदन र जबजले स्टालिन र रायमाझी एमाले पार्टी नजन्मियोस् भन्ने दुरदृष्टि राखेको बुझेको छ ? उपर्युक्त खालका नेता पार्टीमा नजन्मियून् भनेर आलोचना र आत्मालोचना नेताले गर्नु पर्छ भनेको होइन ? यसरी बारम्बार नेताले आफैंलाई हेरेर मनन गरेर आफ्ना कमजोरी उपर ध्यान दिन र दिलाउन सकेको भए यस्तो हविगत हुन्थ्यो ? जबजले प्राज्ञिक स्वतन्त्रताको पक्षपोषण गरेको कुरा र यसको मर्म बुझेको भए मेरा सुझावमूलक लेख किन प्रतिबन्धित हुन्थे र यसरी खवदारी सचेत र सावधानी गर्ने गराउने लेखक कवि र स्रष्टा चरम रुपमा अपमानित हुन्थे ? नेतामा तीन बाक्सी जमेको मयल हटाउनु पर्छ भन्ने भारी दुष्मन हुने अनि चरम चाकरी गर्ने ढकाल,भट्टराई,थापा,रिमाल,दंगाली पोखरेल,बराल र ज्ञवाली थरि प्रियतम हुने ? पञ्चायतका कट्टर पक्षधरले पञ्चायतकै दाहसंस्कार गरेका होइनन् ? यस्ता कुरा नेका पार्टीमा पनि देखिएकै हो तर नेका पार्टीका नेता

र कार्यकर्ताहरु पार्टीका नेताको आलोचना खुल्ला रुपमा गर्न पाउँछन् । मनको तीतो पोख्न पाउँछन् । कम्तीमा बोल्न त पाउँछन् । अनि नेता र कार्यकर्ता अडिँदा रहेछन् । एउटा पार्टी र संगठनमा सामान्य अनुशासन त हुनै पर्ने हो । तर एमाले पार्टी आफूलाई नीति प्रधान भन्छ । यसको खूब बखान गरिन्छ तर पार्टी हाल महाराजको विचार, संस्कार र शैलीमा चलेको छ । महाराज झैं अध्यक्षलाई ठूलो सोफामा विराजमान गराइन्छ । अलिकति पनि सरम छैन । जनवादी केन्द्रीयताका नाममा नोकरशाही लादिन्छ । नेता र कार्यकर्तालाई घँटेसी लाग्ने पगाहाले घाँटीमा कसिन्छ । प्रथम महिला राष्ट्रपति तथा एमाले पूर्व उपाध्यक्ष विद्या भण्डारी उपर हिंसात्मक बोली वचनको शस्त्रवाण प्रहार गरिन्छ महिलाको अस्मितामाथि बन्चरो प्रहार गर्दा पार्टी केन्द्रीय सदस्य नवीना लामा लगायत बोल्छन् तर अरुहरु द्रोपदीको चिरहरण गर्दाझैं मौन र मूकदर्शक बन्छन् । अझ केही त चरम भाटभृत्य झैं महिला अस्मितामाथि परोक्ष आरोप र आलोचना गर्छन् । एउटा स्वभिमानी र विवेकी मान्छे हुन नसकेकाहरु एमाले पार्टीका केन्द्रीय सदस्य भएका छन् । अर्कोतिर केही स्थायी, पोलिटव्यूरो र केन्द्रीय सदस्य जो पुरुष पनि छन् । पौरुष बिनाका पुरुषको के काम छ । आफ्नै आँखा सामु रत्यौली खेलको देखेर ती चुपचाप र मौन छन् । सुरुवाल लगाएर माच र पुलिङ्ग भएर मात्र पुरुष भइन्न । अझ कम्युनिस्ट हुनु असल मान्छे हो भन्ने सन्दर्भमा त यी कम्युनिस्ट नामका कलंक नै हुन् । एउटा विद्वान् ,सज्जन र भद्र मानिस चोर बाटोतिर लागेपछि र तिनको पुच्छर र सँगाती भएपछि भद्र भनिन्न र मानिन्न । जबज सम्बन्धी निक्कै सैद्धान्तिक र वैचारिक धुवाँधार व्याख्या गर्नेहरु पनि छन् तर तिनको हालको बेहोरा हेर्दा तिनको चरम अविवेकी बेहोरा देख्दा आफैंलाई भारी सरम लाग्न थालेको छ । नेकाको त विधानमा नै नेता प्रधानता उल्लेख गरिएको छ तसर्थ त्यहाँ नेतालाई अत्यन्त सम्मान पूजा गर्नु ठिकै होला । यस पार्टीले विधानमा यस सबालमा संशोधन गर्नु जरुरी होला तर एमाले अध्यक्ष भने कुरा एउटा काम अर्को गरेर जनसमक्ष तीव्र रुपमा नकारात्मक बन्दै गएको छ । तर पनि एमाले सबै हिसावले अगाडि नै छ । अध्यक्षका पछिल्ला गतिविधिबाट पार्टी प्रति नकारात्मक धारणा व्यापक बनेको छ । तथापि २००६ सालदेखिको पुष्पलाल,तुलसीलाल,मनमोहन, सहाना र मदन भण्डारी जस्ता महान् नेता कुन पार्टीमा छन् । देश र जनताका हितमा नमुना र उदाहरणीय काम गर्ने अरु कुन पार्टी छ । ओलीकै प्रधानमन्त्रीत्व कालका विकास निर्माण राष्ट्र राष्ट्रियताका सबालमा नमुना काम गरेको इतिहासमा दर्ज भएकै छ तर उनमा जुन खालको नमुना अहङ्कार देखिन्छ । त्यसले पार्टी र सरकारमा सहयात्री दल नेका समेत झस्केको छ । अहिले बल्लबल्ल केही विवेकी नेता झैं पार्टी र अध्यक्षाका विकृतिलाई लक्षित गरेर बोले भने पार्टीको व्यापक जनमतमा अरु बृद्धि हुन्छ । नत्र पशुपतिनाथले पनि पार्टीलाई जगाउन र जोगाउन सक्तैन । एमाले पार्टीका केही उपल्ला तहका चरम विसंगत नेतालाई यस लेखकले मलाई त तपाइँहरुसित सँगै हिड्न पनि लाज लाग्छ भनेको छु ।

यसरी २००३ साल हुँदै नेपालको राजनैतिक सामाजिक इतिहासमा नेपाली काग्रेसको गौरवशाली भूमिका रहेको छ । २००७,२०३६,२०४६,२०६२,०६३ हुँदै अनेक महत्वपूर्ण कालखण्डमा एकल र सहकार्यका साथ यस पार्टीले मूल्यवान् काम गरेको छ । तथापि केही वदनाम नेताका कारण पार्टीमाथि नै जनताले धारे हात लगाएका हुन् । तर वीपी, कृष्णप्रसाद भट्टराई, गणेशमान,सुवर्ण शमशेर,महेन्द्र नारायण निधि, परशुराम चौधरी आदि जस्ता एक कालखण्डमा महत्वपूर्ण योगदान दिएका व्यक्तित्वहरु छन् । बीपीले मेलमिलाप नीति लिएर नेपाललाई सिक्किमीकरण हुन नदिएको गौरवशाली इतिहास नेकासित कायम छ । यस्ता यस्ता गौरवशाली व्यक्तित्व विशेषता र क्षमता भएका पार्टी कति छन् ? कथित युद्धका नाममा जन र धनको अपार क्षति गर्ने र भारतका विरुद्ध केही नै गर्दैनौं भन्ने पार्टी हुन् र ? नेका र एमाले ? तर पनि यी पार्टीका केही नेता सप्रिन्छन् भन्ने पूरै आशा र भरोसा नगरे हुन्छ । जिन्दगीभरि चोर्न धुत्न र लुट्न पल्केकाहरु आजको भोलि सप्रिँदैनन् , सपार्नु पर्छ हलो जोत्ने चोर गोरुका मुखमा मोहला लगाएझैं गरी गोरु चुटाइ चुट्नु पर्छ । म चाहिँ एमालेका जुनसुकै तहका नेतालाई जस्तालाई तस्तै गर्न ज्येष्ठ जेनजी,नेकपा कोशी गठन गरेर आवश्यक पऱ्यो पार्टीभित्रै आक्रामक अभियानको तयारीमा छु । मुखले प्रजातन्त्रवादी भन्ने नेका भन्ने विश्लेषक,विज्ञ ,विद्वान् प्राध्यापक युवा अग्रज भन्ने तर त्यस अनुसार पार्टी र नेतालाई सुध्रिन र सुधार्न बाध्य नपार्नेलाई मेरो उग्र विरोध र असहमति छ । एकलाखमा इमान्दार हुने मान्छे एक करोडमा बेइमान पनि हुन सक्छन् र हुन्छन् भन्ने सामान्य कुरा नजान्नेहरु एकताका बालेन र रवि लामिछानेका पक्षामा तीन बित्ता उफ्रनेहरु तीन परेको देखिन्छ । हौसिएको बाली देखेर मख्ख पर्नु हुँदैन । माओवादी,विप्लव,तराई मधेका पार्टीहरु अब पनि सुध्रिएनन् भने तिनको अस्तित्व धरमा पर्ने छ । हलक्क हौसिएको बाली एक एक ससाना हावाका झोक्कामा भुइँमा पसारिन्छ । अहिले त देशकै अस्तित्व संकट परेको बेला लोकतान्त्रिक र प्रगतिशील शक्ति एकताबद्ध हुन जरुरी देखिन्छ । तर पुराना अनुहारलाई कसैले पत्याउँदैन । नेकाका बारेमा मैले धेरै नबोलूँ तर एमालेमा पूर्वराष्ट्रपति तथा एमाले पूर्व उपाध्यक्ष विद्या भण्डारीको नेतृत्वमा मात्र एमाले जोगिन र जोगाउन र समृद्ध गराउन सकिन्छ । बाम तथा लोकतान्त्रिक संयुक्त सहकार्य सम्भव हुन्छ । जबज र मदनको लिगेसीलाई अन्तरात्मादेखि आत्मसात् गर्ने भण्डारीले नै बाम सहकार्य र एकता सम्भव हुनेछ । एमाले र नेकाका बात बहादुरले जतिसुकै थुतुनु बजाए पनि चरोमुसोले पनि पत्याउने छैन । घमण्ड गरेजस्तो होला म र हामी जस्ता सधैं इमान्दार देश र जनताको सेवामा सदा प्रतिबद्धहरुले मात्र चरम निराशाका बीच देशमाआशा र भरोसा जगाउन सक्छन् ।

(इटहरी निवासी लेखक ज्येष्ठ जेनजी,नेकपा, कोशी प्रदेशका संयोजक हुन् ।)

## २०२५ पब्जी मोबाइल सुपर लिग सेन्ट्रल एन्ड साउथ एशिया फल सिजन सम्पन्न

काठमाडौँ– संयुक्त अरब इमिरेट्स (यूएई) को अबुधाबीमा सम्पन्न २०२५ पब्जी मोबाइल सुपर लिग सेन्ट्रल एन्ड साउथ एशिया फल सिजन सम्पन्न भएको छ। प्रतियोगिताको यो सिजन तीव्र प्रतिस्पर्धा, रणनीति र अविस्मरणीय क्षणहरूले भरिपूर्ण रहेको थियो। ६ दिनसम्म चलेको यस रोमाञ्चक सिजनपछि जम्मा ६ टोलीले प्रतिष्ठित २०२५ पब्जी मोबाइल ग्लोबल च्याम्पियनसिप (PMGC) का लागि आफ्नो स्थान सुरक्षित गरेका छन्।

भर्चस.प्रो (Virtus.PRO), अल्फा गेमिङ (Alpha Gaming) र म्याड बुल्स (Mad Bulls) ले आफ्नो उत्कृष्ट रैंकिङ आधारमा पीएमजिसी गन्टलेट स्टेज (PMGC Gauntlet Stage) मा स्थान पाएका छन् भने आर्क्रेड (Arcred), इनर सर्कल (Inner Circle) र गोट (GOAT) ले आफ्नो पीएमजिसी रेटिङ पोइन्ट्स (PMGC Rating Points) का आधारमा पीएमजिसी ग्रुप स्टेज (PMGC Group Stage) मा स्थान सुरक्षित गरेका छन्।

नेपालबाट होरा इ–स्पोर्ट्स (Horaa Esports), फोर योनको रोयल जुत्ती (4YONKO ROYAL JUTTI) र नेपेक्स इ–स्पोर्ट्स (NEPEX Esports) ले पीएमएसएल ग्रुप स्टेज (PMSL Group Stage) मा नेपालको राम्रो प्रतिनिधित्व गरेका थिए। असाधारण टिमवर्क र कौशल प्रदर्शन गर्दै होरा इ–स्पोर्ट्स र फोर योनको रोयल जुत्ती दुबै टोलीले अन्तिम चरणसम्मको यात्रा तय गरे, जसले अन्तर्राष्ट्रिय मञ्चमा नेपाली इ–स्पोर्ट्स समुदायको बढ्दो क्षमता र प्रभावलाई प्रदर्शन गरेको थियो। नेपाली टोलीहरू मध्ये होरा इ–स्पोर्ट्सले उत्कृष्ट प्रदर्शन गर्दै अमेरिकी डलर ११,७५०, फोर योनको रोयल जुत्तीले अमेरिकी डलर ४७५०र नेपेक्स इ–स्पोर्ट्सले अमेरिकी डलर १७५० नगद पुरस्कार प्राप्त गरे।

पब्जी मोबाइल (PUBG MOBILE) सहभागी सबै टोलीहरूको असाधारण उपलब्धिको प्रशंसा गर्दै २०२५ पीएमजिसी (PMGC) का लागि छनोट भएका टोलीहरूलाई हार्दिक बधाइ व्यक्त गर्दछ ।

पब्जी मोबाइल साउथ एशिया पब्लिसिङ लिड (PUBG MOBILE South Asia Publishing Lead) इसाकले भने, “हामी नेपाली टोलीहरूको २०२५ पब्जी मोबाइल सुपर लिग सेन्ट्रल एन्ड साउथ एशिया फल सिजनमा देखिएको उत्कृष्ट प्रदर्शनप्रति गर्व गर्दछौं। प्रत्येक सिजनसँगै प्रतियोगिताको स्तर झन् उचाइमा पुग्दै गएको छ। हामी सबै टोलीहरूलाई उनीहरूको प्रतिबद्धता, सीप र खेल भावना लागि बधाइ दिन चाहन्छौं। नेपालमा आगामी ग्रासरुट इभेन्ट्स (Grassroot Events) हरू:- ट्रेनिङ ग्राउन्ड्स (Training Grounds), ट्रेनिङ ग्राउन्ड प्रो (Training Ground Pro), नेपाल सिरिज (Nepal Series), क्याम्पस क्लब (Campus Club) र स्टार च्यालेन्ज (Star Challenge) को माध्यमबाट हामी ग्लोबल स्तरमा प्रतिस्पर्धा गर्न सक्षम स्थानीय टोलीहरूको अपेक्षा राख्छौं।”

नेपाली इ–स्पोर्ट्स प्रशंसकहरूले यसपटक आफ्ना स्थानीय टोलीहरूले विश्वस्तरमा प्रतिस्पर्धा गरेको हेर्न नपाए पनि इ–स्पोर्ट्स वर्ल्ड कप (Esports World Cup) मा हुने रोमाञ्चक खेल र विश्वस्तरीय टुर्नामेन्ट अनुभवले उत्साह अझै उच्च रहेको छ।

## माईधारमा बस पल्टियो , १९ जना घाइते



झापा(प्रस)।झापाको शिवसताक्षी- १० माईधारमा बस पल्टिँदा १९ जना घाइते भएका छन् ।

मंगलवार बिहान ४ बजे माईधार चौकस्थित पूर्व-पश्चिम राजमार्गमा रामेछापको मन्थलीबाट काँकरभिट्टातर्फ आउँदै गरेको प्र.१-०१-००१ क ४२०९ नं.को रात्री बस अनियन्त्रित भई सडकबाट अन्दाजी १० मिटर तल बायाँतर्फ पल्टिएको हो । बसमा सवार २५ जनामध्ये १९ जना घाइते भएका हुन् । घाइतेहरुलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको छ भने सकुशल रहेका बाँकी ६ जना आ-आफ्नो गन्तब्यतर्फ गएको प्रहरीले जनाएको छ ।

घाइते हुनेहरुमा बस चालक झापा मेचीनगर न.पा.६ बस्ने बर्ष-३९ का राजु भुजेल , रामेछाप मन्थली न.पा. १० बस्ने बर्ष- ६५ का अम्बरबहादुर बुढाथोकी , झापा गा.पा.३ बस्ने बर्ष १७ की इक्षा लिम्बू , रामेछाप मन्थली न.पा.९ बस्ने बर्ष ३५ का भिमप्रसाद पुरी,

कचनकवल गा.पा.४ बस्ने बर्ष २० का रबिलाल गणेश ,रामेछाप ठाडादेवी गा.पा. ३ बस्ने बर्ष ६५ की मिटु खत्री ,कचनकवल गा.पा. ४ बस्ने बर्ष २१की परिना गणेश , बिर्तामोड न.पा.१० बस्ने बर्ष ३६ की सुमित्रा खड्का कार्की , उनका छोरा बर्ष ९ का एलोन कार्की, दोलखा बैनेश्वर न.पा.३ बस्ने बर्ष ३० का प्रदिपबहादुर बस्नेत , रामेछाप देउराली बस्ने रामु श्रेष्ठका छोरा बर्ष- ८ अनु श्रेष्ठ, दोलखा तामाकोशी गा.पा. - ३ बस्ने बर्ष- २८ का कुमार बस्याल ,कचनकवल गा.पा. -६ बस्ने बर्ष- २७ की भिमा राजवंशी ,बिर्तामोड न.पा. ५ बस्ने बर्ष ३५ का रामकुमार श्रेष्ठ , उनका छोरा बर्ष- ९ का रिदम श्रेष्ठ , बिर्तामोड न.पा. -५ बस्ने बर्ष- २३ का पूर्णबहादुर नेपाली , सोही ठाउँ बस्ने बर्ष- १८ शितल नेपाली , बाह्रदशी गा.पा. -५ बस्ने बर्ष- २१ का अभिशेक राजवंशी र झापा गा.पा. २ बस्ने बर्ष- १८ का श्यामलाल किस्कु रहेका छन् ।

त्यस्तै अर्जुनधारामा मोटरसाइकलको ठक्करबाट एकजना पैदलयात्री घाइते भएका छन् ।

सोमवार राति १२.१५ बजे अर्जुनधारा - ६ पूर्वेली टोलस्थित भित्री सडकखण्डमा महानन्दचोकबाट पूर्वेली टोलतर्फ जाँदै गरेको प्र १-०१-०१८ प ८५८ नम्बरको मोटरसाइकलले पैदल यात्री बिर्तामोड -३ बिर्ताबजार बस्ने ५५ वर्षीय राम सेवकलाई ठक्कर दिएको हो । उनलाई बीएण्डसी अस्पताल बिर्तामोड ल्याई उपचार भइरहेको छ । मोटरसाइकल र मोटरसाइकल चालक इलाम रोड - ५ बस्ने बर्ष २१ वर्षीय प्रनिस मगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै मंगलवार बिहान १०:४५ बजे पाँचथर फिदिम - २ जोरसाल बजारस्थित घुम्ती मोडमा धरानबाट ताप्लेजुङतर्फ जाँदै गरेको मे.१ ज २६५३ नम्बरको सुमोले प्र. १-०२-०५४ प ३४३३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक दमक -८ बस्ने २५ वर्षीय पविन थापा घाइते भएका छन् ।

घाइतेलाई जिल्ला अस्पताल पाँचथर ल्याइ उपचार भइरहेको छ । सुमो गाडी नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

## तीन महिनामा दुई हजार बढी नागरिकता वितरण

लक्ष्मी उप्रेती

मेचीनगर । जिल्ला प्रशासन कार्यालय झापाले चालु आर्थिक वर्ष २०८२–८३ को पहिलो तीन महिनामा दुईहजार सातसय ९५ वटा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरेको छ ।

कार्यालयबाट सम्पादित मुख्य कार्यहरुको प्रथम त्रैमासिक विवरण अनुसार सवैभन्दा बढी वंशजको आधारमा दुईहजार छ सय ७६, वैवाहिक अङ्गीकृत एकसय चार र गैर आवासीय नागरिकता १५ गरी कुल दुईहजार सातसय ९५ वटा नेपाली नागरिकताको प्रमाणपत्र वितरण गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाको हस्ताक्षरसहित सार्वजनिक गरेको कार्य विवरण

❖ बाँकी अन्तिम पृष्ठमा

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष**: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडवडी भई कामकाजमा असर

**वृष**: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले बिभिन्न अवसर दिलाउनेछ

**मिथुन**: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट**: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह**: दैनिक कामहरु सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या**: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला**: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक**: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु**: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर**: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ**: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अधि बढ्नेछ ।

**मीन**: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ